प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०३/११
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- आज काठमाडौंमा ४, ललितपुरमा १, भक्तपुरमा ४, र धादिङमा १ गरि थप दश जनामा संक्रमण पुष्टि भएको छ भने सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत संक्रमितको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र व्यवस्थापन  कार्य द्रुत रुपमा भईरहेको छ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब ३ प्रतिशत रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ, हाल यो तथ्यलाई सामान्यीकरण गर्न कठिन भएतापनि यसलाई  प्रदेशले गम्भीरताको साथ नजिकबाट नियालिरहेको छ ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १११६२(१००%) | ३३७(१००%)$ |
| निको भएको | २६५०(२३.७ %) | ९१(२७.०%)* |
| उपचाररत | ८४८६(७६%) | २४२(७१.८.%)* |
| मृत्यु भएको | २६ (०.२३%) | ४ (१.१८%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०३/११
* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको
$ धादिंगमा हिजो दोहोरिएको केसलाई आज पुनर्मुल्यंकन गरि हटाईएको हो

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण

हाल सम्म बागमती प्रदेशमा ११०९३ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले २१९४ जना बस्दै आउनुभएको र १०४६ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १२५४ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २७१ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको बिवरण अनुसार ३१८५३जनाको आर डी टी परिक्षण गरिएकोमा ६९० जनाको पोजेटिभ आएको छ र १४३०९ जनाको पि सि आर परिक्षण गरिएकोछ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्ष | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | रहेका | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | कैफियत |
| काठमाण्डौ | १३६३ | १५८ | २७ | २५६ | १९ | ९६४४ | ९३४७ | २९७ | ३७८० | ३० | (+१६) |
| ललितपुर | ३४३ | ३१ | ६ | २१७ | ८९ | ४०६८ | ४०५० | १८ | १९३० | ५ | (+२) |
| भक्तपुर | ३१३ | ५२ | २१ | ४२ | ० | १९५७ | १९४४ | १३ | १५८२ | ४ | (+१७) |
| रसुवा | २७७ | २२ | ० | ३५ | ० | ५१४ | ५०३ | ११ | ४९ | ० | |
| नुवाकोट | १२२४ | ३४६ | ३०८ | २८ | ७ | २५७८ | २४८२ | ९६ | ५२३ | १६ | |
| धादिङ | ९५८ | १७७ | १२५ | १०० | ७९ | २५९३ | २४६५ | १२८ | ८७६ | १०७ | (+७) |
| चितवन | २४६५ | ५९० | ० | ३०२ | २८ | १४१२ | १३९७ | १५ | २५१० | ४४ | (+२) |
| सिन्धुली | ४२९ | ९५ | ९१ | ३२ | १ | ११७५ | ११४२ | ३३ | ५४२ | ४ | (+३) |
| मकवानपुर | ३५२ | १२२ | ३१४ | ३५ | १५ | १७६६ | १७४८ | १८ | ८८० | ११ | (+४) |
| रामेछाप | ५०९ | १२१ | ६ | ७५ | ९ | ८६२ | ८५६ | ६ | ३८७ | २३ | (+३) |
| दोलखा | ११८५ | ८७ | १ | ४१ | ० | १५६३ | १५५७ | ६ | १८८ | ० | (+२) |
| काभ्रे | ८०७ | १७५ | ६६ | १३ | ० | २३९२ | २३५४ | ३८ | ४१६ | ० | (+६) |
| सिन्धुपाल्चोक | ८६८ | २१८ | ८१ | ७८ | २४ | १३२९ | १३१८ | ११ | ६४६ | २५ | (+६) |
| जम्मा | ११०९३ | २१९४ | १०४६ | १२५४ | २७१ | ३१८५३ | ३११६३ | ६९० | १४३०९ | २६९ | (+६८) |

श्रोत ;सम्बन्धित् जिल्लाबाट दैनिक प्राप्त जानकारी अनुसार, + सम्बन्धित जिल्लाभन्दा अन्यत्रबाट प्राप्त विवरण अनुसार (MOHP), *धादिंग बाट हिजो दोहोरो हुन गएको केस लाई हटाईएको

कोरोना रोकथाम र नियन्त्रण गर्न क्वारेन्टाइन, आइसोलेशनबेड संख्या र गुणस्तर वृद्धि गर्न तथा अन्य ब्यवस्थापनकोलागी प्रदेश सरकारले निरन्तर कार्य गरिरहेको छ।यस विषम परिस्थितीमा संयमीत हुन र हात धुने, मास्कको प्रयोग, एक अर्कासंग दुरी कायम गर्ने जस्ता सावधानी अपनाउनुहुन आग्रह गर्दछौं।

❖ **हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण**

हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

हालसम्म प्राप्त स्वाबको संख्या —६७४०

हिजो परिक्षण हुने क्रममा रहेको र आज परिक्षण भईसकेको ३४४ स्वाब (नमुना) मध्ये बाराको १जनामा पोजिटिभ नतिजा आएको छ भने बाँकी ६०१स्वाब परिक्षण हुने क्रममा छ।

❖ **महत्वपूर्ण अपडेट**

**महामारीको सन्दर्भमा पोषण पुनस्थापना गृह संचालनको लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अन्तरिम निर्देशिका जारी गरेको छ ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७७/०३/०८ मा निजि प्रयोगशालालाई कोभिड-१९ को मोलिक्युलर PCR परिक्षण अनुमति दिने सम्बन्धि निर्देशिका २०७७ स्वीकृत गरेको छ । निर्देशिकामा रहेको व्यवस्था अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्तर्गत दर्ता भइ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुले तोकेको मापदण्डहरु पुरा गरेको, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट संचालन पूर्व आशय प्राप्त कोभिड-१९ को मोलिक्युलर PCR परिक्षण गर्न इच्छुक निजि प्रयोगशालाले सरकारी प्रयोगशालाबाट आएको नमुनालाई मात्र परिक्षण गर्न सक्नेछ । यस बापत नेपाल सरकारले प्रति नमुना अधिकतम रु. ५५०० ( अक्षरुपि पाँच हजार पाँच सय मात्र) सम्बन्धित निजि प्रयोगशालालाई सोधभर्ना गर्नेछ । (https://drive.google.com/file/d/19cz5jXvV_8lutCV3ktYEjEGtPl1FbpDK/view)

हाल गरिएको बन्दाबन्दीका कारण बजार,, पसल बन्द रहेको तथा आय आर्जनको स्रोतमा पनि असर परेका कारण विशेष गरि शिशु, बालबालिका, गर्भवती, तथा स्तनपान गराइरहेका महिलाहरु कुपोषणको बढि जोखिममा रहेका छन् । कुपोषणबाट महिला तथा बालबालिकालाई बचाउन उनिहरुको खानपान तथा हेरचाहमा विशेष ध्यान दिनु पर्दछ । कोरोना भाइरसको संक्रमणबाट सेवाग्राही र स्वास्थ्यकर्मी दुबैलाई बचाउदै पोषण पुनस्थापना गृहको सेवा सुचारु गर्न आवश्यक सावधानी र उपचार पद्धतिका बारेमा एकरुपता ल्याउन मार्ग दर्शन महत्वोपुर्ण रहेको छ । निर्देशिका निम्न वेब पेजबाट प्राप्त गर्न सकिने छ :https://drive.google.com/file/d/1V5FRhbaTrcd1oE_Bf48FO7wlI8UHjqY5/view

❖ **थप जानकारीको सम्बन्धमा**

| | | |
|---|---|---|
| कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनका लागि निम्न उल्लेखित वेब पेज हेर्नको लागि हार्दिक अनुरोध छ। | ⟶ | http://mosd.p3.gov.np/<br>https://covid19.mohp.gov.np/<br>heoc.mohp.gov.np/<br>edcd.gov.np/ |

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई